नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक २४६    २०७८ साल बैशाख २१ गते मंगलबार (4 May 2021 Tuesday)    मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म  कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : अक्सिजन उत्पादन ... २ पृष्ठमा : भारतमा एकै दिन कोभिडबाट ... ४ पृष्ठमा : आन्तरिक उडानमा ...

# ६५ जनाको पिसिआर परिक्षण गर्दा ४१ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

मुलुक भरि कोरोनाको त्रास बढिरहेको बेला सप्तरीमा सोमबार ४१ जनामा कोरोना पोजेटिभ पुष्टि भएको छ । योसँगै संक्रमितको संख्या जिल्लामा १ सय ३२ पुगेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले ६५ जनाको पिसिआर परिक्षण गर्दा ४१ जना संक्रमित पाइएको जानकारी दिए ।

संक्रमित भएकाहरुमा राजविराज नगरपालिकाका ११ जना रहेका छन् । जसमा वडा नं. ८ र ६ का ४/४ जना तथा वडा नं. १, ७ र ९ का १/१ जनामा संक्रमण पुष्टि भएको छ ।

यसैगरी रुपनी गाउँपालिका वडा नं. १ का ३ र २ का १ जना, राजगढ गाउँपालिका वडा नं. ३ का १ जना, तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ का ३ र ८ का १ जना, कञ्चनरुप नगरपालिका वडा नं. २ का ४ जनामा संक्रमण पुष्टि भएको छ ।

यस्तै जिल्लाकै सप्तकोशी नगरपालिका वडा नं. १ का २ जना, डाक्नेश्वरी नगरपालिका वडा नं. ९, ७ र १० का १/१ जना, बोदेबरसाइन नगरपालिका वडा नं. ४ र ६ का १/१ जना, महादेवा गाउँपालिका वडा नं. ३ का २ जना तथा वडा नं. ४ का ३ र खडक नगरपालिका वडा नं. ४ का १ जनामा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थय कार्यालयले जनाएको छ ।

# एक सय ७२ सवारीसाधनलाई नियन्त्रणमा लिई कारवाही

**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

स्थानिय प्रशासनले सप्तरी जिल्लामा जोर बिजोर प्रणालीबाट यातायात संचालन गर्न गरेको निर्णयको उलंघन गरेका १ सय ७२ सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिई कारवाही गरेको छ ।

जिल्लामा कोभिड १९ को संक्रमण बढ्दो अवस्थामा रहेको तथा बजारमा भिडभाड कम हुने उद्देश्यले लागु गरिएको सो निर्णयको उलंघन गर्ने १३ वटा चार पाङ्ग्रे र १ सय ५९ वटा मोटरसाइकललाई कारवाही स्वरुप एक सय रुँपैया जरिवाना गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



सवारीसाधन चलाउदा जोर बिजोर प्रणाली लागु गरिएको हुँदा अति आवश्यक परि सवारी साधन चलाउदा सेनीटाईजर प्रयोग गरेर मात्र चलाउने भनि भएको निर्णयलाई उल्लंघन गरिएकोले जरिवाना गरिएको प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

# मुलुकभर सात हजार ४ सय ४८ जना संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, २० बैशाख ।**

पछिल्लो २४ घण्टामा थप सात हजार ४ सय ४८ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार १६ हजार ६५८ पीसीआर परीक्षणमा सात हजार ३ सय ८८ जना र ५ सय १८ एन्टिजेन परीक्षणमा ६० जना गरी सात हजार ४ सय ४८ जनामा संक्रमण पुष्टि भएको हो ।

पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणबाट ३७ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा संक्रमणमुक्त हुनेको संख्या २०२१ रहेको छ ।

नेपालमा हालसम्म कोरोना भाइरस संक्रमितको संख्या तीन लाख ४३ हजार ४१८ पुगेको छ । जसमध्ये ५४ हजार ४१ जना सक्रिय संक्रमित रहेका छन् । सक्रिय संक्रमितमध्ये ५० हजार १७२ जना होम आइसोलेसनमा र तीन हजार ८६९ जना संस्थागत आइसोलेसनमा रहेका छन् ।

पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा दुई हजार ९२२, भक्तपुरमा २२२ र ललितपुरमा ५२२ जना कोरोना संक्रमित भेटिएका छन् । तीमध्ये एक हजार १८१ जना अस्पतालमा उपचाररत छन् । जसमध्ये १७१ जना आईसीयूमा र ५६ जना भेन्टिलेटरमा रहेका छन् ।

नेपालमा कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको कुल संख्या तीन हजार ३६२ पुगेको छ ।




डाक्नेश्वरी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, सप्तरी




तिरहुत गाउँ कार्यपालिकाको
कार्यालय, सप्तरी

# अक्सिजन उत्पादन शुरु

काठमाडौँ, २० वैशाख (रासस) ।

काठमाडौँ महानगरपालिकाको लगानीमा शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रमा राखिएको अक्सिजन प्लान्टबाट उत्पादन शुरु गरिएको छ ।कामपाले उपलब्ध गराएको करिब रु दुई करोड ७५ लाख लागतमा स्थापना गरिएको प्लान्टबाट आइतबारदेखि अक्सिजन उत्पादन शुरु गरिएको हो ।

उक्त प्लान्टबाट दैनिक ४७ लिटरका १३५ सिलिण्डर अक्सिजन उत्पादन गर्न सकिने छ । यसमध्ये गङ्गालालमा दैनिक करिब ९० सिलिण्डर अक्सिजन खपत हुन्छ । बाँकी अक्सिजन भरेर अन्यत्र पठाउन सकिन्छ ।प्लान्टमा ३७ किलोवाटको एअर कम्प्रेसर, तीन डिग्री सेल्सियससम्म चिसो पार्ने एअर ड्रायर, एक हजार लिटर क्षमताको एअर टयाङ्क, दुईवटा अक्सिजन जेनेरेटरलगायत उपकरण राखिएका छन् । मुटुको समस्या भएर केन्द्रमा उपचार गर्न आउने बिरामीलाई निःशुल्क अक्सिजन उपलब्ध गराउन महानगरले प्लान्ट स्थापना गरिदिएको हो । यसका लागि महानगर र केन्द्रबीच २०७६ माघ १५ गते शहीद सप्ताहका कार्यक्रम पारेर सहमतिपत्रमा हस्ताक्षर भएको थियो ।

सम्झौताबमोजिम हृदय केन्द्रले प्लान्ट र यससम्बन्धी उपकरण खरिद खुला प्रतिस्पर्धाबाट लिएको हो । प्लान्टको निरन्तर सञ्चालनका लागि पूर्वाधार तयार पार्ने, जनशक्ति खटाउने, विद्युत् प्रणाली जडान गर्ने, जनशक्ति खटाउने तथा मर्मतसम्भार अस्पतालले गर्नेछ ।प्लान्ट शुभारम्भपछि कामपाका प्रमुख विद्यासुन्दर शाक्यले यस कार्यले अहिलेको कोरोना महामारी व्यवस्थापनमा लाभ भएको उल्लेख गर्दै  तत्काल कान्ति बाल अस्पतालमा पनि अक्सिजन प्लान्ट राख्ने तयारी रहेको जानकारी दिनुभयो ।

त्यस क्रममा अस्पतालका कार्यकारी निर्देशक डा चन्द्रमणि अधिकारीले एउटै बिरामीको मुटु उपचार र मिर्गौलाको डायलायसिस गर्नुपर्ने अवस्थामा कठिन भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो,"गङ्गालालमै डायलायसिस गर्ने उपकरण भइदिए, मुटुको उपचार गराउन आउने बिरामीले डायलायसिस गर्न अर्को अस्पताल जानुपर्ने थिएन । यसका लागि महानगरसँग हामीले अपेक्षा राखेका छौँ ।"

कार्यक्रममा वडा नं ३ का अध्यक्ष दीपक केसीले अबको केही दिनमा कान्तिको प्लान्ट पनि शुरु हुने जानकारी दिनुभयो । उहाँका अनुसार यसपछि यी दुई अस्पतालमा दैनिक आवश्यक पर्ने करिब २०० सिलिण्डर अक्सिजन अन्यत्र पठाउन सकिनेछ ।

# कोरोनाका कारण ५१७ पत्रकार पेशागत सुरक्षाबाट पीडित

काठमाडौँ, २० वैशाख (रासस) ।

नेपालमा कोरोना भाइरस सङ्क्रमणको महामारीका समयमा हालसम्म पेशागत सुरक्षाको सन्दर्भबाट पीडितपत्रकारहरूको सङ्ख्या ५१७ रहेको छ। नेपाल पत्रकार महासङ्घ सञ्चार अनुगमन एकाइको तथ्याङ्क हेर्ने हो भने यस वर्ष पत्रकारको पेशागत सुरक्षाका घटना सबैभन्दा बढी देखिएको छ।

यो अवस्थालाई दृष्टिगत गर्दै महासङ्घले सञ्चार संस्थाहरूलाई कोरानाको बहानामा सञ्चारकर्मीलाई निष्काशन नगर्न, सेवासुविधामा कटौती नगर्न र सञ्चारकर्मीको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरेको महासङ्घका अध्यक्ष विपुल पोख्रेलले जानकारी दिनुभयो। विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले कोरोनाको सङ्क्रमणका बीचमा पत्रकारिता कर्मलाई निरन्तरता दिनुपर्ने अवस्था एकातिर छ भने यही कोरोनालाई कारण देखाएर सञ्चारगृहबाट पत्रकारलाई विस्थापित गराउने खतरा पनि रहेको उल्लेख गर्नुभयो।

महासङ्घको अभिलेखमा प्रेस स्वतन्त्रतामाथिको प्रहारका घटनाहरू यस वर्ष ४५ छन्। ती घटनाबाट जम्मा ५८४ पत्रकार र तीन सञ्चारसंस्था पीडित बनेका छन्। यस्तै ५८४ पत्रकारमध्ये ७७ पत्रकारहरू महिला रहेका छन्। महासङ्घको अभिलेखअनुसार यस वर्ष छ पत्रकार गिरफ्तारीमा परे भने कब्जा, अवरोधबाट चार पत्रकार पीडित भएका छन्। त्यसैगरी आक्रमणबाट ४८ र दुर्व्यवहार, धम्कीबाट १२ पत्रकार पीडित भएका छन् भने ५१७ पत्रकार विस्थापनमा परेका छन्।

सन् १९९३ मा नामिबियाको विण्डहकमा भएको सम्मेलनले जारी गरेको घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो। त्यही घोषणापत्र जारी भएको दिन अर्थात् मे ३ लाई युनेस्कोको आह्वानमा विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउन थालिएको हो।

दिवसका अवसरमा अध्यक्ष पोख्रेलले नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका निम्ति योगदान पुऱ्याउने सबैप्रति उच्च सम्मान व्यक्त गर्दै सम्पूर्ण पत्रकार एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूमा बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ।

नेपालमा पनि पत्रकार महासङ्घको आयोजनामा युनेस्कोसँगको सहकार्यमा मे ३ अर्थात् सोमबार भर्चुअलरूपमा अन्तरक्रिया गरिँदै छ। कोरोना सङ्क्रमणका कारण सामूहिकरूपमा भौतिक सहभागिता जनाएर कार्यक्रम गर्न सम्भव नदेखिएकाले कार्यक्रमको स्वरूप परिवर्तन गरेर भर्चुअलरूपमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्न लागिएको महासङ्घले जनाएको छ।

अन्तरक्रियाकै क्रममा नेपालको यो वर्षको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्था समेटिएको प्रतिवेदन पनि सार्वजनिक हुँदैछ। यसैगरी नेपालका विभन्न तहमा बन्न थालेका नौ कानूनको मस्यौदामाथिको विश्लेषणात्मक टिप्पणीसमेत सार्वजनिक गरिँदैछ।

दिवसका सन्दर्भमा हुने अन्तरक्रियाहरूमा नेपालको यो अवस्थाका बारेमा पनि छलफल हुने र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यका संरचनाहरूका साथै सरोकारवालाहरूको ध्यानाकर्षण गराउने अध्यक्ष पोख्रेलले विश्वास लिनुभएको छ।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा होइन, नागरिकहरूको सुसूचित हुन पाउनेसंवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्यहुन्छ। त्यतिमात्र होइन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अङ्ग पनि हो। नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भए पनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्न सकेको छैन। प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ उचाइमा पुऱ्याउन पत्रकार महासङ्घ तथा प्रेस स्वतन्त्रताका पक्षधरहरू एक ठाउँमा उभिन जरुरी रहेको उहाँले बताउनुभएको छ।

## विश्व समाचार

# भारतमा एकै दिन कोभिडबाट तीन हजार ४ सय १७ को मृत्यु

नयाँ दिल्ली, २० बैशाख (रासस-एएनआई) ।

भारतमा कोरोनाभाइरस (कोभिड-१९) को संक्रमणबाट पछिल्लो २४ घण्टामा तीन हजार ४१७ जनाको मृत्यु भएको छ । भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार २४ घण्टाको अवधिमा तीन लाख ६८ हजार नयाँ संक्रमित भेटिएका छन् । यो सहित भारतमा कूल संक्रमितको संख्या एक करोड ९९ लाख पुगेको छ । गत शनिबार दैनिक संक्रमितको संख्या चार लाख नाघेको थियो तर आइतबार केही कमी आएको छ । भारतमा कोभिड संक्रमणबाट हालसम्म दुई लाख १८ हजार ९५९ जनाको ज्यान गएको छ । मन्त्रालयका अनुसार भारतमा अझै पनि ३४ लाखभन्दा बढी व्यक्ति सक्रिय संक्रमितको अवस्थामा छन् । गत २४ घण्टामा तीन लाख व्यक्ति संक्रमणमुक्त भएका छन् । यो सहित भारतमा कूल संक्रमितमध्ये १ करोड ६२ लाख संक्रमणमुक्त भएका छन् । भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार, भारतमा हालसम्म २९ करोड नमुना परीक्षण गरिएको छ । आइतबार मात्र भारतमा १५ लाख नमुना परीक्षण गरिएको छ । पछिल्ला दिनमा आक्रामक रुपमा कोभिड खोप अभियान सञ्चालन गरेको भारतमा हालसम्म १५ करोड ७२ लाखलाई खोप दिइएको छ । भारतमा कोभिडको दोस्रो लहरले पूरै देशमा संकटको अवस्था सिर्जना गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार, कोरोनाभाइरस महामारीबाट विश्वभर कोभिड-१९ को संक्रमणबाट मृत्यु हुनेको संख्या ३२ लाख १६ हजार नाघेको छ । कोभिडको संक्रमणबाट संयुक्तराज्य अमेरिकामा ५ लाख ९१ हजार, ब्राजिलमा ४ लाख ७ हजार, भारतमा २ लाख १८ हजार, मेक्सिकोमा २ लाख १७ हजार, बेलायतमा १ लाख २७ हजार, इटालीमा १ लाख २१ हजार, रसियामा १ लाख १० हजार, फ्रान्समा एक लाखको मृत्यु भएको छ ।

# श्रीलंकामा हवाई यात्रामा कडाई, बिमानमा ७५ यात्रु मात्र उड्न पाउने

कोलम्बो, २० बैशाख (रासस-एएनआई) ।

श्रीलङ्काले कोरोनाभाइरस (कोभिड-१९) महामारीलाई ध्यानमा राखी सोमबार बिहानदेखि लागू हुनेगरी दुई साताका लागि हवाई यात्रामा थप कडाई गरेको छ । श्रीलङ्काली हवाई उड्डयन प्राधिकरणका अनुसार हवाई यात्रा गर्दा बिमानले एक पटकमा ७५ जना भन्दा बढी यात्रु बोक्न पाइने छैन । प्राधिकरणले सबै विमान कम्पनीहरुलाई सरकारको निर्णय बारे जानकारी गराइसकेको छ । दुई सातापछि मुलुकभित्र कोभिडको अवस्थाका बारेमा मूल्याँकन गरेपछि थप निर्णय लिइने प्राधिकरणले जनाएको छ । यसैबीच, श्रीलङ्कामा पछिल्ला दिनहरुमा कोरोनाभाइरस संक्रमितको संख्या ह्वात्तै बढेको छ । आइतबार हालसम्मकै उच्च संख्यामा कोरोनाभाइरस संक्रमित भेटिएका छन् । श्रीलङ्काली स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा एक हजार ८०० जनामा कोरोना पुष्टि भएको छ । यो सहित श्रीलङ्कामा कोरोनाभाइरसका संक्रमितको संख्या एक लाख १२ हजार पुगेको छ ।

# चीनमा पोषण सुधार कार्यक्रमबाट एक करोड १२ लाख बालबालिका लाभान्वित

बेइजिङ, २० बैशाख (रासस-सिन्ह्वा) ।

चीनमा सञ्चालित पोषण सुधार कार्यक्रमबाट सन् २०२० को अन्त्यसम्ममा एक करोड १२ लाख बालबालिका लाभान्वित भएका छन् । चिनियाँ रोग नियन्त्रण एवं रोकथाम केन्द्रका अनुसार यस कार्यक्रमले देशका ८३२ वटा तुलनात्मक रुपमा कमजोर काउन्टीमा समेटेको थियो । यो कार्यक्रम सन् २०१२ देखि सञ्चालनमा छ । यस कार्यक्रम मार्फत् विषम गरिबीमा बाँचिरहेका परिवारका ६ देखि २४ महिनाका साना बालबच्चाका लागि निःशुल्क पोषण प्याकेजहरु बितरण गरिएको थियो । कार्यक्रम शुरु हुनुअघि यस क्षेत्रका ६ देखि २४ महिनाका बालबालिकाको रक्तअल्पता र पुड्कोपन क्रमशः १६.३ र ३.२ प्रतिशत रहेकामा हाल त्यसमा सुधार आई क्रमशः ५०.५ र ६८.३ प्रतिशतले घटेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
नगरकार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पातो, सप्तरी
Pato, Saptari
website: dakneshworimun.gov.np
email : info@dakneshworimun.gov.np
प्रदेश नं. २, नेपाल
Province No. 2, Nepal

प. सं. : २०७७/०७८ मिति : २०७८।०१।२०

च. नं. :

## उपभोक्ता समिति गठनको लागि सूचना प्रकाशन सम्बन्धमा ।

प्रस्तुत विषयमा डाक्नेश्वरी नगरपालिकाको आ.व. २०७७/०७८ मा तपसिल बमोजिम संचालन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गतका योजनाको उपभोक्ता समिति गठन गर्नुपर्ने भएकोले उल्लेखित मिति, समय र स्थानमा भेला भईदिन हुन सम्पूर्ण सरोकारवाला आम उपभोक्ताहरुलाई जानकारी गराईन्छ ।

तपसिल :

| सि. नं. | योजनाको नाम | विनियोजित रकम | मिति | स्थान | समय |
|---|---|---|---|---|---|
| १. | डाक्नेश्वरी नगरपालिका वडा नं.१ मा जय प्रकाश चौधरीको घर देखि देवकान्त चौधरीको घर हुँदै विष्णु प्रसाद चौधरीको घर सम्म RCC ढलान कार्य गर्न | १०,००,०००/- | २०७८/०१/२७ | फेकन साहको पोखरी नजिक | ११:०० बजे |
| २. | डाक्नेश्वरी न.पा. वडा नं.२ लवका टोल देखि उत्तर नहर हरिराहा बसन्तपुर सम्मको सडकमा माटो ग्राभेल कार्य गर्न | १०,००,०००/- | २०७८/०१/२७ | अनुवारुल उनुम मदरसा | ११:०० बजे |
| ३. | डाक्नेश्वरी न.पा. वडा नं. १० सवुरलाल चौधरीको पोखरीको पूर्व डिल देखि धनपती साहको घर सम्म RCC ढलान कार्य गर्न १० लाख र डाक्नेश्वरी न.पा. वडा नं. १० मा बनौलाको मदर्शा निर्माण तथा मर्मत संभार कार्य गर्न १० लाख | २०,००,०००/- | २०७८/०१/२७ | बनौलाको मदर्शामा | ११:०० बजे |
| ४. | डाक्नेश्वरी न.पा. वडा नं. ७ ब्रह्मपुरको डी-५ नहरको टिक्ली गाछी देखि मा.वि.ब्रह्मपुर सम्मको सडकमा माटो ग्राभेल कार्य गर्न | १०,००,०००/- | २०७८/०१/२८ | रामजानकी मन्दिरमा | ११:०० बजे |
| ५. | डाक्नेश्वरी न.पा. वडा नं.७ अरुण चौधरीको घर देखि बसन्ती देवी चौधरीको घर हुँदै भानु मण्डलको घरसम्म RCC ढलान कार्य गर्न | १०,००,०००/- | २०७८/०१/२८ | रामजानकी मन्दिरमा | ११:०० बजे |
| ६ | डाक्नेश्वरी न.पा. वडा नं.३ बैद्यनाथ प्रसाद साहको घर देखि सम्मत लाल चौधरीको घरसम्म नहर हुँदै बाटोमा माटो तथा ग्राभेल कार्य गर्न १० लाख र डाक्नेश्वरी न.पा.वडा नं.३ मा गीणा कुमारी रायको जग्गामा (साविक गा.वि.स. तरही-३ , कित्ता नं. ८४) मा वोर्डङ निर्माण कार्य गर्न १० लाख | २०,००,०००/- | २०७८/०१/२७ | बैद्यनाथ प्रसाद साहको घर दरवाजा निर | ११:०० बजे |
| ७ | डाक्नेश्वरी न.पा. वडा नं.-८ विषहरीयाको परेको डी-५ नहर देखि भिमपुर टोलसम्मको बाटोमा माटो तथा ग्राभेल कार्य गर्न | १०,००,०००/- | २०७८/०१/२८ | शिव बाबा मन्दिर प्रवाहा | ११:०० बजे |
| ८ | डाक्नेश्वरी न.पा. वडा नं.-५ मा खानेपानी टयूवेल खरिद , जडान र पलेट फर्म निर्माण कार्य गर्न १० लाख र डाक्नेश्वरी न.पा. वडा नं.-५ पातो टोलमा तरहीको राज कुमार चौधरीको घर देखि उत्तर राधा कृष्ण मन्दिर सम्म RCC ढलान कार्य गर्न १० लाख | २०,००,०००/- | २०७८/०१/२८ | डाक्नेश्वरी मन्दिर प्राङ्गणमा | ११:०० बजे |
| ९ | डाक्नेश्वरी न.पा. वडा नं.-६ खरानन्द बनरैतको घर देखि सहदेव यादवको घर हुँदै शत्रुधन यादवको घर सम्म RCC ढलान कार्य गर्न १० लाख र डाक्नेश्वरी न.पा. वडा नं.-६ कैलु मण्डलको घर देखि नहर सम्म RCC ढलान कार्य गर्न १० लाख | २०,००,०००/- | २०७८/०१/२९ | नहर चौक औरही | ११:०० बजे |
| १० | डाक्नेश्वरी न.पा. वडा नं.-५ पातो बजारमा साह धर्मशालाको बाउण्ड्री वाल तथा गेट निर्माण कार्य गर्न १० लाख डाक्नेश्वरी न.पा. वडा नं.-५ पातोमा चन्द्रकान्त मा.वि. देखि पश्चिम बाटोको उत्तर पट्टी जुडी नदीमा रहेको अधुरो वोल्डर, जाली, क्रेटिङ कार्य गर्न | २५,००,०००/- | २०७८/०१/२९ | साह जी धर्मशाला | ११:०० बजे |
| ११ | डाक्नेश्वरी न.पा. वडा नं.-४ अन्तर्गत खानेपानी टयूवेल खरिद, जडान र पलेट फर्म निर्माण कार्य गर्न | १०,००,०००/- | २०७८/०१/२९ | ब्रह्म देव यादवको घर निर | ११:०० बजे |
| १२ | जिल्ला समन्वय समितिको कार्यालय, ससरीको जि.स.स. सभाहल निर्माण तथा मर्मत संभार कार्य गर्न | ४५,००,०००/- | २०७८/०१/२९ | जिल्ला समन्वय समिति | ११:०० बजे |

बसन्त कुमार दास
नि. प्रमुख प्रशासकीय अधिकृत

# आन्तरिक उडानमा रोक

**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

सरकारले सोमबार मध्यरातीदेखि आन्तरिक उडान तथा वैशाख २२ गते मध्यरातदेखि अन्तर्राष्ट्रिय उडानमा रोक लगाउने निर्णय गरेको छ ।

कोभिड १९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी) को सिफारिसअनुसार आइतबार बेलुका प्रधानमन्त्री एवं मन्त्रिपरिषदको बैठकले आन्तरिक उडानमा रोक लगाउने निर्णय गरेको हो ।

कोभिड-१९ संक्रमणलाई मध्यनजर गर्दै सरकारले सोमबार मध्यरातिदेखि सबै आन्तरिक उडान बन्द गर्ने निर्णय गरेको छ भने वैशाख २२ गते मध्यरातदेखि अन्तर्राष्ट्रिय उडानमा पनि रोक लगाउने निर्णय भएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चार्टड उडानहरुलाई भने अनुमति दिने निर्णय भएको जनाएको छ ।

# राष्ट्रिय जनगणना अनिश्चितकालका लागि स्थगित

**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

मुलुकमा बढ्दो कोभिड १९ संक्रमणका कारण राष्ट्रिय जनगणना अनिश्चितकालका लागि स्थगित भएको छ ।

आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले १२ औं राष्ट्रिय जनगणना अनिश्चितकालिकालागि स्थगित गर्ने निर्णय भएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा. शिवमाया तुम्बाहाङफेले बताइन् ।

उनका अनुसार कोरोना संक्रमणको महामारी कम भएपछि पुनः सूचारु गरिनेछ । आगामी जेठ २५ गतेदेखि असार ८ गतेसम्म गर्ने १२ औं जनगणना गर्ने तयारी थियो ।

# गण्डकी र सुदूरपश्चिम प्रदेशमा नयाँ प्रदेश प्रमुख नियुक्त

**दैनिक समाचारदाता**
**काठमाडौं, २० बैशाख ।**

मन्त्रिपरिषद बैठकको सिफारिसमा सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीले गण्डकी र सुदूरपश्चिम प्रदेशमा नयाँ प्रदेश प्रमुख नियुक्त गरेकी छन् ।

मन्त्रिपरिषद बैठकको सिफारिसमा गण्डकी प्रदेशमा सीता पौडेल र सुदूरपश्चिम प्रदेशमा गंगाप्रसाद यादव प्रदेश प्रमुखमा नियुक्त भएका हुन् ।

गण्डकीमा अमिक शेरचन र सुदूरपश्चिममा शर्मिला कुमारी पन्त प्रदेश प्रमुख थिए, उनीहरु पदमुक्त भएका छन् । यसअघि एमाले र माओवादी केन्द्रबीच एकीकरण भएपछि प्रदेशप्रमुख नियुक्त भएका उनीहरु माओवादी केन्द्रमा आवद्ध थिए ।

माओवादी केन्द्रमै आवद्ध रहेका तिलक परियार प्रदेश २ को प्रदेश प्रमुखबाट पदमुक्त भइसकेका छन् । नवनियुक्त प्रवेश प्रमुखले सोमबार नै सपथ लिएका छन् ।

# स्वास्थ्यकर्मीमा कोरोना संक्रमण पुष्टि भएपछि अस्पताल बन्द

लहान, २० वैशाख (रासस) ।

स्वास्थ्यकर्मीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि सिरहाको धनगढीमाई नगरपालिका-९ स्थित नयनपुर अस्पतालको आकस्मिकबाहेक सबै सेवा बन्द गरिएको छ ।अस्पतालमा कार्यरत एक चिकित्सकमा कोरोना पोजेटिभ पाइएपछि तत्कालका लागि अस्पतालको आकस्मिकबाहेकका सेवा बन्द गरिएको हो । ती चिकित्सकको सम्पर्कमा आएका स्वास्थ्यकर्मी तथा कर्मचारीको कन्टचाक्ट ट्रसिङ गर्नुपर्ने भएकाले तत्काललाई अस्पताल सिल गरी आकस्मिक सेवा मात्र सञ्चालन गरिएको धनगढीमाई-९ का वडाध्यक्ष प्रकाश योञ्जनले जानकारी दिनुभयो ।

उक्त अस्पतालको आकस्मिककक्षबाहेक सबै कक्षमा ताल्चा लगाइएको छ । अस्पतालमा रोग निवारक औषधि छर्केपछि पुनः सञ्चालनमा ल्याइने अस्पतालले जनाएको छ । कोभिड-१९ को दोस्रो लहरपछि सिरहामा हालसम्म ६१ जनामा सङ्क्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाले जनाएको छ । सङ्क्रमितमध्ये सात जना आइसोलेसनमा, एक जनाको विराटनगर, एक जनाको धरानमा उपचार भइरहेको छ भने बाँकी होम आइसोलेसनमा छन् ।

# मलामी गएका एकै गाउँका ३१ जनामा संक्रमित

जलेश्वर, २० वैशाख (रासस) ।

गत बुधबार कोरोनाबाट मृत्यु भएका व्यक्तिको मलामी गएका महोत्तरी जिल्लाको एकै गाउँका ३१ जनामा कोरोना सङ्क्रमण देखिएपछि गाउँभरि त्रास फैलिएको छ ।

जिल्लाको मनरासिस्वा नगरपालिका-९ स्थित बथनाहा गाउँमा एकैसाथ ३१ जनामा कोरोनाको सङ्क्रमण देखिएपछि गाउँभरि नै त्रास फैलिएको स्थानीयवासीले बताएका छन् ।

गत बुधबार स्थानीय ६६ वर्षीय एक वृद्धको कोरोनाबाट मृत्यु भएकामा उनको मलामीमा सहभागी ३१ जनामा कोरोनाको सङ्क्रमण देखिएको छ । मलामीमा गएका ६०/७० जनामध्ये ४५ जनाले पिसिआर जाँच गराउँदा ३१ जनामा कोरोना पोजेटिभ देखिएको हो ।





तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# ४१ जिल्लामा निषेधाज्ञा आदेश जारी

काठमाडौं, २० वैशाख (रासस) ।

सरकारले दिएको अधिकार प्रयोग गर्दै विभिन्न जिल्लामा प्रमुख जिल्ला अधिकारीबाट निषेधाज्ञा जारी गरी कोभिड-१९ सङ्क्रमण रोकथामको प्रयास कायमै छ ।

दैनिक रूपमा निषेधको आदेश जारी गर्ने जिल्ला बढ्दो क्रममा रहेका छन् ।

शनिबार २९ जिल्लामा निषेधको आदेश जारी भएको थियो । आइतबार ३१ जिल्लामा जारी भएकामा सोमबार बिहानसम्म ४१ जिल्लामा आदेश जारी भएको गृह मन्त्रालयले जनाएको छ ।

केही जिल्लामा सोमबार रातिदेखि आदेश कार्यान्वयनमा जाँदै छ भने केही जिल्लामा मङ्गलबारबाट लागू हुनेछ । अधिकांश जिल्लामा आदेश कार्यान्वयनमा रहेको मन्त्रालयले जनाएको छ । प्राप्त विवरणअनुसार बाँके, सुर्खेत, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, कैलाली, पर्सा, दाङ, कञ्चनपुर, पाल्पा, चितवन, रुपन्देही, बागलुङ, बर्दिया, सल्यान, सुनसरी, दार्चुला, जाजरकोट, रुकुम पश्चिम, डडेलधुरा, झापा, मोरङ, गुल्मी, प्यूठान, काभ्रेपलाञ्चोक, गोरखा, बाजुरा, उदयपुर, मकवानपुर, बझाङ, कालीकोट, स्याङ्जा, रामेछाप, ताप्लेजुङ र बैतडीमा निषेधाज्ञा जारी गरिएको छ ।

यस्तै रामेछाप, ताप्लेजुङ, अर्घाखाँचीमा सोमबार रातिदेखि लागू हुनेगरी र नुवाकोट, धनुषा तथा दैलेखमा मङ्गलबारदेखि लागू हुने गरी आदेश जारी गरिएको छ । त्यसमध्ये रामेछाप, ताप्लेजुङ, स्याङ्जा, कालीकोट, मकवानपुर, बाजुरा, गोरखा, काभ्रेपलाञ्चोक, मोरङ, दार्चुला र बाग्लुङमा आंशिक निषेधाज्ञा छ ।


देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*